# बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला,
लुम्बिनी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

| खण्ड १ | अंक: २ | बैशाख, ३१ गते २०८३ साल | (संख्या: ०१) |
| --- | --- | --- | --- |

### भाग-२

नगर कार्यपालिकाको मिति २०८३/०१/२४ मा स्वीकृत भएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएकोछ ।

## बर्दघाट नगरपालकाको दलित समन्वय समिति गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

**प्रस्तावना**

नेपालको संविधानको प्रस्तावना, मौलिक हकको मर्म र भावना वमोजिम दलित समुदायको हक हित तथा अधिकार संरक्षण सम्बर्द्धन एवम् सुनिश्चितगरी बर्दघाट नगरपालिकालाई समतामुलक नगरको रुपमा विकास गर्न साथै प्रचलित कानूनले परिभाषित गरेको दलित समुदायलाई राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, रोजगारी एवम् शैक्षिक लगायत समग्र क्षेत्रमा पहिचान, प्रतिनिधत्व र पहुँच अभिवृद्धि गर्दै नगरपालिकाको विकासको मुल प्रवाहमा समावेश गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन कार्यविधि, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बर्दघाट नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१ः संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम "बर्दघाट नगरपालिकाको दलित समन्वय समिति गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३" रहनेछ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

**२ः परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "नगरपालिका" भन्नाले बर्दघाट नगरपालिका सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले बर्दघाट नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "वडा समिति" भन्नाले बर्दघाट नगरपालिकाको वडा समितिलाई सम्झनु पर्छ।

(घ) "प्रमुख" भन्नाले बर्दघाट नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(ङ) "उपप्रमुख" भन्नाले बर्दघाट नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ।

(च) "वडा अध्यक्ष" भन्नाले बर्दघाट नगरपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्छ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बर्दघाट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ज) "सभा" भन्नाले बर्दघाट नगरपालिकाको नगरसभालाई सम्झनु पर्छ।

(झ) "समिति" भन्नाले नगरपालिका स्तरीय दलित समन्वय समितिलाई सम्झनु पर्छ।

(ञ) "दलित" भन्नाले दलित आयोगले सूचिकृत गरेको दलित समुदायको सूचिमा पर्ने व्यक्तिलाई सम्झनु पर्छ।

(ट) "अध्यक्ष" भन्नाले दलित समन्वय समितिको अध्यक्षलाई सम्झनु पर्छ।

(ठ) "सचिव" भन्नाले समितिको सचिवलाई सम्झनु पर्छ।

(ड) "पदाधिकारी" भन्नाले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनु पर्छ।

(च) "सदस्य" भन्नाले समिति सदस्यलाई सम्झनु पर्छ।

**३ः उद्धेश्यः**

दलित समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सो समुदायको सशक्तिकरण गर्न दलित समुदाय उत्थान सशक्तिकरण कार्यक्रम सञ्चालनका उद्धेश्यहरुः

१. बर्दघाट नगरपालिकामा स्थायी वसोवास गरी बस्ने दलित समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सो समुदायको सशक्तिकरण गर्न सहयोग पुर्याउने ।
२. नगरभित्रको दलित समुदायले परम्परागत सिप कौशल र कलाकृतिहरुको संरक्षण र सम्वद्धनमा सहयोग गर्ने ।
३. कुनै जात जाति व्यक्ति वा समुदायको सामाजिक सचेतना अभिवृद्धि गर्न सहयोग पर्याउने ।
४. दलित समुदायको हक हितको संरक्षण र सम्वर्द्धन गर्ने ।
५. सशक्तिकरणका लागि आवश्यक सूचना जानकारी एवम् चेतनामुलक कार्यक्रम तर्जुमा गरी कार्यावन्नवय गर्न सहयोग गर्ने ।

## परिच्छेद-२

## समिति गठन तथा काम, कर्तव्य र अधिकार

**४. समिति गठन तथा काम कर्तव्य र अधिकारः** (१) बर्दघाट नगरपालिका भित्र दलित समुदायको हक, हित तथा अधिकार संरक्षण र सम्बर्द्धधनको सुनिश्चितता गरी बर्दघाट नगरपालिकालाई समतामुलक नगरको रुपमा विकास गर्नको लागी कार्यविधिको परिच्छेद-२ को दफा-४ को उपदफा-१० मा व्यवस्था भएको योग्यता पुगेको क्रियाशिल व्यक्तिहरु मध्येबाट नगरपालिकामा देहाय बमोजिमको समन्वय समिति गठन हुनेछ ।

(क) दलित समुदायको हक, हित र अधिकार प्रासिको लागी विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका दफा ४ बमोजिमको समितिको पहिलो पुर्ण बैठकले सदस्यहरु मध्येबाट तोकेको पदाधिकारीहरु जना-४ - अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष

(ख) दलित समुदायको कार्यपालिका सदस्य मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(ग) राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलहरुको दलित संघ/संगठनहरुले तोकेको प्रतिनिधि १/१ जना - सदस्य

(घ) वडा सदस्य निर्वाचित दलित महिला सदस्य मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(ङ) दलित समुदायको हक, हित संरक्षण सम्बर्द्धनमा विशेष योगदान गर्ने संघ, संस्था एवम् पेशा व्यवसाय समेतको प्रतिनिधित्व हुने गरी कार्यपालिकाले तोकेको १ महिला सहित ३ जना -सदस्य

(च) दलित समुदायको विभिन्न क्षेत्रमा काम गरेका व्यक्तिहरु मध्येबाट प्रतिनिधित्व हुने गरी समितिले तोकेको १ जना महिला सहित २ जना -सदस्य

२. दफा ४ बमोजिम सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा गरिने छ र त्यसरी मनोनयन गर्दा कम्तीमा ३३ प्रतिशत महिला प्रतिनिधित्व गराइनेछ। साथै समितिको पदाधिकारीमा एक जना महिला अनिवार्य हुनु पर्ने छ ।

३. दफा ४ बमोजिम गठन भएको समितिको पदावधि गठन भएको मिति देखी चार (४) वर्ष हुनेछ ।

४. कार्यपालिका र वडा सदस्यहरुको हकमा पदमा वहाली रहदासम्म कायम रहनेछ ।

५. पदाधिकारी छनोटमा सर्वसम्मत हुन नसकेमा कायम सदस्यहरु मध्येबाट पदाधिकारी छनोट गरिनेछ ।

६. कार्यपालिकाले प्रतिनिधि तोक्दा फरक फरक समुदायबाट प्रतिनिधत्व हुनेगरी छनोट गर्नु पर्नेछ ।

७. अध्यक्षले कुनै कारणबाट आफ्नो पदबाट राजिनामा दिन चाहेमा उपाध्यक्ष समक्ष राजिनामा पेश गर्नुपर्नेछ ।

८. पदावधिको बिचमा राजिनामा दिई, मृत्यु भई, अशक्त भई, फौजदारी अभियोगमा अदालतबाट सजाय पाएर, बसाई सरी बाहिर गएमा, पदिय दायित्व सन्तोषजनक ढङ्गले वहन नगरी पदबाट फिर्ता बोलाई वा अन्य कारणले समितिको पद रिक्त भएमा बाँकी रहेको पदावधिको लागी मात्र बैठकले मनोनयन गर्नेछ

९. समितिमा नगरपालिकाले मनोनयन गरेका पदाधिकारी तथा सदस्यहरुले कार्य सन्तोष जनक नभएको नगर कार्यपालिकाले ठहर गरेमा कुनै पनि पदाधिकारी तथा सदस्यलाई आफ्नो पदबाट फिर्ता बोलाई बाँकी पदावधिको लागि रिक्त पदमा मनोनयन गर्न सकिनेछ ।

१०. समितिमा पदाधिकारी तथा सदस्यमा मनोनयन गर्न देहाय बमोजिमको योग्यता हुनुपर्नेछ ।

(क) राष्ट्रिय दलित आयोगले सुचिकृत गरेको नगरपालिका क्षेत्रमा स्थायी बसोबास गर्ने दलित समुदायको नेपाली नागरिक,

(ख) नगरपालिकाभित्र स्थायी बसोबास गरी योगदान पुर्याई रहेको व्यक्ति,

(ग) फौजदारी अभियोग सजाय नपाएको व्यक्ति,

(घ) मानसिक सन्तुलन नगुमाएको व्यक्ति,

(ङ) बैंक तथा वित्तिय संस्थाको कालो सूचीमा नपरेको व्यक्ति,

(च) सार्वजनिक सम्पत्ति हिनामिना गरी अदालत वा कानूनी निकायमा मुद्धा वाचाराधिन नपरेको व्यक्ति,

११. समितिको काम, कर्तव्य र अधिकारः यस कार्यविधिमा अन्यत्र उल्लेखीत काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) यस कार्यविधिको सिमाभित्र रही दलित समुदाय संग सम्बन्धित नीति, कार्यक्रम तर्जुमा गरी बर्दघाट नगरपालिका समक्ष सिफारिस गर्ने,

(ख) बर्दघाट नगरपालिकाबाट स्वीकृत नीति, कार्यक्रमको अधिनमा रही दलित समुदाय सम्बन्धीत योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने,

(ग) दलित समुदायको राजनीतिक, आर्थिक, सामाजिक सांस्कृतिक, शैक्षिक,रोजगारी पहिचान लगायतका क्षेत्रलाई समेटेर रणनीतिक योजना तयार पारी सोही अनुरुप कार्य गर्ने,

(घ) नगरपालिकामा दलित समुदायको क्षेत्रमा क्रियाशिल संघ, संस्थासंग सहकार्य, समन्वय गर्ने,

(ङ) समितिको वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्न सिफारिस गर्ने,

(च) दलित समुदायको समग्र विकास, सशक्तिकरण एवम् मुल प्रवाहिकरण सम्बन्धित विषयमा बर्दघाट नगरपालिकासँग माग गर्ने वा सुझाव दिने,

(छ) परमपरागत पेशामा आवद्ध अनौपचारिक व्यवसायीहरुलाई सम्बन्धित व्यक्तिको निवेदन, नेपाली नागरिकताको प्रतिलिपी र सम्बन्धित वडाको सिफारिसको आधारमा विनियोजित बजेटको परिधिभित्र रहेर आवश्यक प्रविधि उपकरण सहयोगको लागि सिफारिस गर्न सक्ने ।

बर्दघाट नगरपालिका

(ज) नगरपालिकाभित्र रहेका सबै दलित समुदाय/संघ संस्थासँग समन्वय गर्ने, गराउने,

(झ) तोकिए बमोजिम काम गर्ने, गराउने ।

**५. समितिको बैठकः** समितिको बैठक कम्तिमा तीन (३) महिनामा एक पटक बस्नेछ भने आवश्यकता अनुसार बस्न सक्नेछ । समितको बैठकका सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ। समितिले आवश्यक ठानेमा समितिको कामसंग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद-३

## समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार

**६. समितिको पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार** देहाय बमोजिम हुनेछ ।

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) समितिको नेतृत्व गर्ने,

(२) समितिको बैठकको अध्यक्षता गर्ने र बैठकमा कुनै विषयमा सर्वसम्मति बाट निर्णय हुन नसकि मत बराबर भए निर्णायक मत दिन,

(३) सचिवलाई बैठक बोलाउन आदेश दिने,

(४) बैठकमा योजना तथा प्रस्ताव पेश गर्ने,

(५) बैठकको निर्णय प्रमाणित गर्ने, बैठकको निर्णय कार्यान्वयन गर्ने/गराउने,

(६) नगरपालिका तथा प्रमुखसंग सम्पर्क, समन्वय गर्ने,

(७) समितिको नाममा रहेको बैंक खाता कोषाध्यक्ष र सचिवसंग संयुक्त रुपमा सञ्चालन गर्ने,

(८) कानुन बमोजिम आर्थिक कारोबार श्रेस्ता राख्ने, राख्न लगाउने,

(९) पदाधिकारी तथा सदस्यहरुलाई कामको जिम्मेवारी तोक्ने,

(१०) नगरपालिकाले तोकेको लेखा परीक्षकद्वारा लेखा परीक्षण गराउने र प्रतिवेदन प्राप्त गर्ने,

(११) समितिको कामको अनुगमन तथा नियमन गर्ने/गराउने,

(१२) समितिले निर्णय गरेको अन्य कार्यहरु गर्ने/गराउने।

**(ख) सचिवको काम, कर्तव्य र अधिकारः**

१. अध्यक्षलाई सहयोग गर्ने,
२. समितिको कार्यहरुको अनुगमन गर्ने/गराउने,
३. समिति तथा अध्यक्षले तोकेको अन्य कामहरु गर्ने/गराउने,
४. अध्यक्षको परामर्शमा समितिको  बैठक बोलाउने,
५. समितिको तर्फबाट गर्नुपर्ने प्रशासनिक सम्पुर्ण कार्य गर्ने/गराउने,

**(ग) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

१. अध्यक्ष तथा समितिलाई सहयोग गर्ने,
२. बैठकमा सहभागी हुने ।

**(घ) सदस्यहरुको काम, कर्तव्य र अधिकार**

१. अध्यक्ष तथा समितिलाई सहयोग गर्ने,
२. बैठकमा सहभागी हुने ।
३. समिति तथा अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-४

## खाता सञ्चालन

**७: आर्थिक स्रोतः**

समितिको नाममा देहायबमोजिमका रकम जम्मा हुनेछन्ः

(क) बर्दघाट नगरपालिकाबाट सम्झौता गरी प्राप्त भएको रकम ।

(ख) संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

(ग) दण्ड-जरिवाना तथा शुल्कबाट प्राप्त रकम ।

(घ) संघसंस्था, व्यक्ति तथा दाताबाट प्राप्त सहयोग ।

(ङ) दलित समुदायसँग सम्बन्धित संघ, संस्थालई आवद्धता प्रादन गर्दा प्राप्त रकम ।

(छ) अन्य श्रोतबाट प्राप्त हुने रकम ।

**८: समितिको खाता सञ्चालनः**

(१) समितिले आर्थिक कारोवार गर्न तोकेको कुनै बैंकमा छुट्टै खाता खोली आर्थिक कारोवार सञ्चालन गर्नेछ ।

(२) समितिको बैंक खाता सञ्चालन समितिका अध्यक्ष सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

**९: कार्यक्रमका क्षेत्र**

दलित समन्वय समितिको रकम नगरपालिकाको कार्य सञ्चालन र नगरपालिकाद्धारा सञ्चालित विभिन्न दलित समुदायको उत्थान प्रवर्द्धन र विकास लगायतका विभिन्न कार्यक्रममा प्रचलित कानून वमोजिम खर्च गरिनेछ ।

**१०: अनुगमन तथा मूल्याङ्कन**

समितिबाट सञ्चालित कार्यक्रमको अनुगमन नगरपालिकाले गर्नेछ।

**११ः लेखा तथा लेखापरीक्षण**

(१) समितिले आर्थिक कारोवारको लेखा प्रचलित कानुनबमोजिम राख्नु पर्नेछ।
(२) आर्थिक कारोवारको वार्षिक लेखापरीक्षण गर्नुपर्नेछ।

## परिच्छेद-५

## विविध

**१२ समितिको छाप र लेटरप्याड सम्बन्धमा**

(१) समितिको वेग्लै छाप र लेटरप्याड हुनेछ ।
(२) समितिको छाप समितिको बैठकले निर्धारण गरे वमोजिम हुनेछ ।

**१३ः बाधा अड्काउ फुकाउने अधिकार**

यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा परेमा नगर कार्यपालिकाले फुकाउनेछ।

**१४. कार्यविधिको संशोधन र कार्यान्वयनः**

(१) यस कार्यविधिलाई नगर कार्यपालिकाले आवश्यक परेमा संशोधन गर्न सक्नेछ ।

**१५. बचाऊ र खारेजीः**

(१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै कार्यविधि वमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएको व्यवस्थाको हकमा स्थानीय सरकार सञ्चानल ऐन, २०७४ स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानून वमोजिम हुनेछ।

आज्ञाले

(बाबुराम पौडेल)

प्रमुख प्रशासकीय अधिकृत